# उज्वेकिस्तानको आबा फुटवल क्लव आहा ! रारा पोखरा गोल्डकपको सेमिफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

उज्वेकिस्तानको आबा फुटवल क्लव २५ औं आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता-२०८२ को सेमिफाइनलमा प्रवेश गरेको छ ।



पोखरा रंगशालाको फुटबल मैदानमा मंगलबार भएको चौथो क्वाटरफाइनल खेलमा पाहुना टोली आबा फुटवल क्लवले प्लानिङ व्वाईज यूनाइटेडलाई १–० को भिनो गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको हो । उज्वेकिस्तानको आबा फुटवल क्लवले दोश्रो सेमिफाइनल खेलमा जावलाखेल युथ क्लवसंग यही फागुन ७ गते प्रतिष्प्रर्धा गर्ने भएको छ । आबा फुटवल क्लवको जितमा उमिदजोन करिलोभले निर्णायक गोल गर्नुभयो । उहाँले खेलको ५६ औं मिनेटबाट करिब ३५ यार्ड टाडाबाट प्रहार गरेको वलले जाली चुमेको थियो । आजको खेलमा म्यान अफ दी म्याच घोषित हुदै उमिदजोनले नगद १० हजार साथमा ट्रफी प्राप्त गर्नुभयो ।

पाएका केही अवसरलाई सदुपयोग गर्न नसके पछि प्लानिङ व्वाईज क्वाटरफाइनलबाटै यात्रा टुंगाउनु पर्‍यो । प्लानिङ व्वाईजका प्रशिक्षक पंकज शाहीले उज्वेकिस्तान जस्तो बलियो देश बिरुद्ध आफुहरुले उत्कृष्ट खेल प्रर्दशन गर्दा गर्दै पराजित हुन पुगेको बताउनु भयो । यता उज्वेकिस्तानको आबा फुटवल क्लवका प्रशिक्षक लिन्डे डेभिड हेन्डरसनले नेपालको चर्चीत क्लव बिरुद्ध आफुहरुले राम्रो प्रर्दशन गरेको बताउनु भयो । नेपालमा फुटवलको राम्रो विकास हुदै गएकोमा खुसि व्यक्त गर्दै उहाँले सेमिफाइनलमा थप उत्कृष्ट फुटवल प्रर्दशन गर्ने जनाउनु भयो । मंगलबारको खेलको शुभारम्भ हिमश्री फुड्स प्रालिका निर्देशन एवं माछापुच्छ्रे बैंकका अध्यक्ष रोशन केसीले रेफ्रिलाई वल हस्तान्तरण गरी गर्नु भएको हो । यसैबिच, बुधबार सेमिफाइनल खेल हुने भएको छ । समुह एकबाट आयोजक सहारा क्लव बिरुद्ध पोखरेलीको प्रिय टिम मनाङ मर्स्याङदी क्लव बिच बुधबार दिउसो ३:०० बजे पछि खेल हुने भएको प्रतियोगिताका संयोजक पूर्णबहादुर गुरुङले बताउनु भयो । हिमश्री फुड्सको उत्पादन रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा प्रतियोगिता संचालन भएको हो ।

# कास्कीको छुमरुङका मतदानस्थल सडक पहुँचविहीन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

कास्कीका १५३ मतदानस्थलमध्ये एउटा मतदानस्थल सडक पहुँचविहीन रहेको छ ।

तीनवटा निर्वाचन क्षेत्र रहेको कास्कीको क्षेत्र नं ३ अन्तर्गत अन्नपूर्ण गाउँपालिका-११ छुमरुङको मतदानस्थलमा हालसम्म पनि सडक पहुँच नपुगेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिनुभयो । उक्त मतदानस्थल पुग्न सडक पहुँच भएको भिनुदेखि करिब दुई घण्टा हिँड्नुपर्ने उहाँले बताउनुभयो । सडक पहुँच पुग्न नसकेको छुमरुङस्थित धौलाश्री मावि मतदानस्थलमा ७८५ मतदाता छन् । उक्त मतदानस्थलमा मतदान गर्न जाने मतदाताहरू यस आसपासका क्षेत्र घुर्जुङबाट साढे दुई घण्टा, किम्रुङ खोलाबाट दुई घण्टा, सिनुवाबाट दुई घण्टा पैदल हिँडेर पुग्ने गरेको स्थानीवासी एवं छुमरुङ पर्यटन व्यवस्थापन समितिका सचिव दिलीप गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार यस क्षेत्रका अशक्त मतदाताले घोडाको प्रयोग गरेर मतदानस्थल पुग्ने गरेका छन् । जिल्लामा कुल मतदानस्थलमध्ये १३६ वटा विद्यालयमा छन् भने १४ वटा वडा कार्यालय र तीनवटा सामुदायिक भवनमा रहेका छन् । मतदानस्थलको भौतिक पूर्वाधार, सुरक्षा व्यवस्थालगायत विषयमा स्थलगत अनुगमन पनि भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले जानकारी दिनुभयो । बीचमा माछापुच्छ्रे र रुपा गाउँपालिकाका मतदानस्थलको अनुगमन भइसकेको र अन्नपूर्ण तथा पोखरा महानगरका केही मतदानस्थलको अनुगमन हुने क्रममा रहेको उहाँले बताउनुभयो ।

# पर्यटकीय गाउँ धम्पुसमा थपियो पर्यटकीय आकर्षण आलडाँडा उद्यान

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

कास्कीको माछापुच्छ्रे गाउँपालिका-७ को पर्यटकीय गाउँ धम्पुसमा आलडाँडा उद्यान (पार्क) निर्माण गरिएको छ ।



पर्यटकीय गाउँका रूपमा राष्ट्रिय अन्तरराष्ट्रिय क्षेत्रमा परिचित धम्पुसमा यस उद्यानले थप पर्यटन आकर्षण बढाउने र पर्यटकको बसाइ लम्ब्याउने अपेक्षा गरिएको छ । उद्यानमा बसेर आरामसहित मनोरम दृश्यावलोकन गर्न सकिने छ ।

उद्यानमा धम्पुस ब्रेकन भगिनि सम्बन्ध स्थापनाको स्मारक राखिएको छ । ढुङ्गैढुङ्गाले बनेको यस स्मारकले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्नेछ । दुई रोपनी जमिनमा रहेको उद्यानबाट उत्तरतर्फ लहरै ठडिएका हिमशृङ्खला तथा हेमजा र पोखरा बजारको दृश्यावलोकन गर्न सकिन्छ । धम्पुस समाज युकेको लगानी र अग्रसरतामा उद्यान निर्माण गरिएको हो । उद्यान निर्माणका लागि समाजको रु २६ लाख र स्थानीय सरकार तथा व्यक्तिगत सहयोग गरी रु ४० लाख खर्च भएको धम्पुस समाज युकेका संरक्षक मेजर खुशीमान गुरुङले जानकारी दिनुभयो । उहाँले "धम्पुस आफैँमा पर्यटकीय गाउँ हो । यहाँ आउने पर्यटकलाई थप आकर्षण बढाउने उद्देश्यले हामीले पार्क बनाएका हौँ ।" धम्पुस र बेलायतको ब्रेकन सहरबीचको भगिनी सम्बन्ध स्थापनाको सातौँ वर्ष पुगेको छ । सोही अवसरमा हालै उद्यान औपचारिक उद्घाटन गरेर खुला गरिएको हो । धम्पुसबाट उत्तरतर्फ आँखै अगाडि देखिने अन्नपूर्णलगायतका हिमशृङ्खलाले पर्यटकलाई लोभ्याउने गरेको छ । उद्यान निर्माणपछि थप पर्यटक आगमन बढ्ने विश्वास गरिएको माछापुच्छ्रे-७ का वडाध्यक्ष बैकुण्ठप्रसाद भण्डारीले बताउनुभयो । वडाध्यक्ष भण्डारीले भन्नुभयो, "पार्क निर्माणले धम्पुसको पर्यटनमा नयाँ आयाम थपिएको छ । यसबाट ग्रामीण पर्यटन प्रवर्द्धन हुनेछ भने धम्पुस र ब्रेकनको सम्बन्धलाई पनि थप प्रगाढ बनाउने छ ।" पोखरादेखि २० किमी दूरीमा धम्पुस गाउँ पुगिन्छ । पोखरा-बाग्लुङ राजमार्गको घट्टेखोलाबाट धम्पुस जान सकिन्छ । धम्पुस विश्वप्रख्यात मर्दी हिमाल पदयात्राको प्रवेशद्धार पनि हो । धम्पुस हुँदै वार्षिक हजारौँ पर्यटकले मर्दीको पदयात्रा गर्ने गर्दछन् ।

# पोखरामा मापसे गरेर स्कुल बस चलाउने पुन: ५ जना चालक पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

जिल्ला प्रहरी कार्यालय, कास्कीले मादक पदार्थ सेवन (मापसे) गरी स्कुल बस चलाउने पाँच जना चालकलाई पुनः नियन्त्रणमा लिएको छ ।

सोमबार अनुगमनका क्रममा पाँच चालक कारबाहीमा परेका भोलिपल्ट पुनः थप पाँच जना फरक बिद्यालयका बस चालक मापसे गरेको अवस्थामा भेटिएपछि कारबाही गरिएको प्रहरीले जनाएको छ ।

पोखराका विभिन्न स्थानबाट स्कुल बस चालकहरूले मादक पदार्थ सेवन गरी सवारी चलाउने गरेको जनगुनासो आएपछि मंगलबार बिहान करिब ४ बजे ट्राफिक प्रहरीसहित संयुक्त चेकिङ टोली परिचालन गरिएको थियो। चेकजाँचका क्रममा पाँच जना चालक मापसे गरेको पुष्टि भएपछि नियन्त्रणमा लिई आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको कास्कीका सूचना अधिकारी हरिबहादुर बस्नेतले बताउनु भयो ।

नियन्त्रणमा परेकामा रत्न ज्योति बोर्डिङ स्कुलको ग १ क ५९६२ नम्बर बसका चालक गोविन्द क्षेत्री, केईएफ सेकेन्डरी स्कुलको ग १ क ४७६३ नम्बर बसका चालक सर्वजित रेग्मी, गुरुकुल विद्याश्रम बोर्डिङ स्कुलको ग १ क १९५७ नम्बर बसका चालक दलबहादुर सुनार, इमानुयल बोर्डिङ स्कुलको ग १ क ५००८ नम्बर बसका चालक मनबहादुर तामाङ र गण्डकी बोर्डिङ स्कुलको ग १ क ६६२३ नम्बर बसका चालक रोनिश खनाल रहेको जिल्ला प्रहरी कायालय कास्कीले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ ।

प्रहरीले विद्यालयका सवारी साधनमा विद्यार्थीको सुरक्षासँग प्रत्यक्ष सरोकार रहने भएकाले यस्ता लापरबाही कदापि सह्य नहुने स्पष्ट पारेको छ । मापसे गरी सवारी चलाउनेविरुद्ध कडा कानुनी कारबाही गरिने जनाउँदै आगामी दिनमा पनि विद्यालय बस तथा सार्वजनिक सवारीमा निगरानी र चेकिङलाई निरन्तरता दिइने कास्कीका प्रहरी प्रमुख नविन कार्कीले चेतावनी दिनुभयो ।

विद्यालय सवारी साधनमा चालकको लापरबाहीका कारण दुर्घटनाको जोखिम बढ्ने भएकाले अभिभावक र विद्यालय प्रशासनलाई समेत सचेत रहन उहाँले आग्रह गर्नुभयो । सोमबार ५ वटा स्कुलका बस चालक कार्वाही गरी पुनः दोश्रो दिनमा समेत अनुगमन गर्दा पोखरामा यस्तो लापरवाही हुनु गलत भएको उहाँले जनाउनु भयो । नियम भन्दा र बावबालिका तथा बिद्यार्थीहरुको भविश्यको लागि ट्राफिक नियम उल्लङ्घन गर्ने उपर कार्वाहीको दायरामा ल्याउने प्रहरीले जनाएको छ ।

# निर्वाचन आचारसंहिता बन्देज नभई चुनावलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउने माध्यम

**रासस**
काठमाडौं, ५ फागुन

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आचारसंहिता बन्देज नभई चुनावलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउने माध्यम भएको बताउनुभएको छ ।

निर्वाचन आयोगले मंगलबार यहाँ आयोजना गरेको मतदाता शिक्षा एवं निर्वाचन प्रचारप्रसारका लागि सामाजिक सञ्जालका सङ्घसंस्था तथा कलाकारहरूसँग अन्तरक्रियामा उहाँले मिथ्या र गलत सूचना रोकी स्वच्छ प्रतिस्पर्धाका लागि सहयोग गर्ने उद्देश्यले नै आचारसंहिता जारी गरेर कार्यान्वयनमा लगिएको बताउनुभयो। निर्वाचन लोकतन्त्रको प्राण भएकाले सही सूचना प्रवाह गरेर सफल बनाउने दायित्व सबैको भएको उहाँको भनाइ थियो। "हामी प्रेस स्वतन्त्रता विरोधी होइनौँ, निर्वाचन आचारसंहिता लागू भएका बेला कुराकानीका आधारमा तयार पारिएको सामग्रीका आधारमा हारजित भनी प्रकाशन गरिँदा मानिसलाई दिग्भ्रमित बनाएको छ, यसरी अरु उम्मेदवारलाई हतोत्साही नबनाऔँ, कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर बनाई सामाजिक सञ्जालमा पोष्ट गरिएका सामग्रीले पनि भ्रम फैल्याएको छ, यस्तो प्रचारप्रसार रोकेर स्वच्छ रूपमा निर्वाचन हुने वातावरण बनाऔँ", कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भन्नुभयो । यो उम्मेदवार ठीक यो बेठीक भन्ने खालका समाचार सम्प्रेषण नगर्न पनि उहाँले आग्रह गर्नुभयो । लयबाट बाहिरिएको मुलुकलाई लयमा फर्काउने माध्यम फागुन २१ गतेको निर्वाचन भएकाले यसलाई सफल पार्न सबैको सहयोग हुनुपर्ने, नयाँ थपिएका साढे नौ लाख मतदाताका कारण मतदान प्रतिशत बढ्ने र बदर हुने मतसङ्ख्या घट्ने विश्वास पनि गरिएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताउनुभयो । आयोगका सचिव कृष्णबहादुर राउतले कलाकार र 'कन्टेन्ट क्रियटर' लाई मतदाता शिक्षा प्रदान गर्न सद्भावना दूतका रूपमा काम गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले पनि कार्यक्रम आयोजना गरिएको बताउनुभयो । मतदाता शिक्षाका सही सूचना प्रदान गर्न यस्ता कार्यक्रमले सहयोग गर्ने विश्वास गरिएको उहाँको भनाइ थियो । मतदाता शिक्षा पहिलोपटक मतदान गर्नेलाई प्रेरित गर्न निर्णायक हुने विश्वास गरिएको छ । गलत सूचनाले लोकतन्त्रलाई असर गर्ने भएकाले ९० प्रतिशत इन्टरनेट प्रयोगकर्तालाई मतदाता शिक्षा दिन कार्यक्रमले सहयोग गर्ने सचिव राउतको विश्वास थियो । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका बारेमा प्रस्तुति गर्नुहुँदै आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले २०७९ सालको भन्दा यसपटक नौ लाख १५ हजार मतदाता थपिएको जानकारी दिनुभयो । १६ वर्ष पूरा भएका युवालाई मतदाता नामावलीमा समावेश गरी निर्वाचन हुने अघिल्लो दिन १८ वर्ष पूरा हुने जतिलाई मतदाता सूचीमा समावेश गर्ने गरिएको पनि उहाँले सुनाउनुभयो ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले राजनीतिक दल र उम्मेद्वारले निर्वाचनमा एजेण्डा लिएर नआउने र मतदाताले पनि त्यसका आधारमा मत नदिने गरेकाले लोकतन्त्रको मेरुदण्डका रूपमा रहेको निर्वाचन प्रक्रियामा समस्या आउने गरेको बताउनुभयो । हास्यकलाकार मनोज गजुरेलले 'भाइरल कन्टेन्ट' राजनीतिले रोकेको विषाक्त रोग अझै बढ्छ कि भन्ने सोचेर मात्र सामाजिक सञ्जालमा निर्वाचनसम्बन्धी सामग्रीको पोष्ट गर्नुपर्ने भनाइ राख्नुभएको थियो । पूर्वमिसेस नेपालकी सहभागी नानुसिंह ठकुरीले निर्वाचनका बारेमा सत्यतथ्य विषय सामाजिक सञ्जालमा प्रचारप्रसार गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

# भयरहित...

भ्रम छरिनबाट रोक्न तथा आचार संहिताविपरीतका सबै गतिविधिहरूविरुद्ध प्रभावकारी कदम चाल्दै जनताको विश्वास कायम राख्नुपर्छ ।" निष्पक्ष, स्वतन्त्र र भयमुक्त निर्वाचन सुनिश्चित गर्न स्पष्ट निर्णय, कडा निगरानी र आचारसंहिता कार्यान्वयनमार्फत जनविश्वास सुदृढ गर्नु निर्वाचन आयोगको संवैधानिक दायित्वसमेत रहेकाले आयोगले विगतमा झैँ आफ्नो दायित्व कुशलतापूर्वक निर्वाह गर्नेछ भन्ने पार्टीको अपेक्षा छ । पत्रकार सम्मेलनमा पार्टीको निर्वाचन प्रचार समितिका संयोजक अग्नीप्रसाद सापकोटाले भन्नुभयो, "वर्तमान सङ्कटबाट देशलाई बाहिर निकाल्न, स्वाधीनता र सार्वभौमसत्ता तथा राष्ट्रिय एकता सुदृढ गर्न र स्वच्छ, निष्पक्ष एवं भयमुक्त वातावरणमा निर्वाचन सुनिश्चित गर्न नेपाल सरकार, सुरक्षा निकाय, निर्वाचन आयोगलगायत सबै पक्षलाई उच्चतम इमानदारी, जिम्मेवारी र प्रतिबद्धता प्रदर्शन गर्न हामी हार्दिक आह्वान गर्दछौँ ।" केही सीमित सञ्चारमाध्यम पत्रकारिताको न्यूनतम मान्यता र निर्वाचन आचारसंहिताविपरीत भ्रामक र गलत सूचना फैलाएर आफ्नो पार्टीलाई अवमूल्यन गर्ने प्रयासमा निरन्तर लागिरहेको उहाँको भनाइ छ ।

# नेपाल र भारतबीच फौजदारी कानुनी सहायतासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर

**रासस**
काठमाडौं, ५ फागुन

नेपाल र भारतबीच फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

सम्झौतामा नेपाल सरकारका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराईले र भारत सरकारका तर्फबाट नेपालका लागि महामहिम भारतीय राजदूत नवीन श्रीवास्तवले आज सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो ।

सरकारको मन्त्रिपरिषद् बैठकले गत असोज ३० गते उक्त सम्झौता गर्ने निर्णय गरेअनुसार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाको उपस्थितिमा सम्झौता पत्रमा हस्ताक्षर भएको मन्त्रालयका प्रवक्ता दलबहादुर अधिकारीले जानकारी दिनुभयो ।

सो सम्झौताले फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाहीका क्रममा प्रमाण सङ्कलन तथा आदानप्रदानलगायत विषयमा दुवै मुलुकका सक्षम अधिकारीबीच सहयोग आदानप्रदान गर्न विधिवत् मार्गप्रशस्त गर्ने मन्त्रालयका प्रवक्ता अधिकारीले बताउनुभयो ।

सम्झौताले विधिको शासन सुदृढीकरण गर्न तथा न्याय प्रशासनमा संस्थागत समन्वय अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने उहाँको भनाइ छ । उहाँले सम्झौताको कार्यान्वयनसँगै दुवै देशका केन्द्रीय अधिकारीहरूबीच सहकार्य अझ सबल एवं परिणाममुखी हुने अपेक्षा बताउनुभयो ।

प्रवक्ता अधिकारीले सम्झौताले नेपालमा हुने वित्तीय अपराध न्यूनीकरण गर्न तथा अनुसन्धान, अभियोजन र न्याय निरूपणलाई थप प्रभावकारी बनाउन कोशेढुङ्गा सावित हुने उल्लेख गर्नुभयो ।

सो सम्झौताले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्नेसम्बन्धी पारस्परिक मूल्याङ्कनमा थप मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ । समारोहमा मन्त्रालयका सचिव पाराश्वर ढुङ्गाना तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूको उपस्थिति थियो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# विचार विहीन रोड शो

प्रतिनिधि सभा सदस्य निर्वाचनमा होमिएका दल र उमेदवार प्रचारमा छन । निर्वाचनमा जनतामा जाने दलहरूले घोषणापत्र, प्रतिबद्धता / संकल्प पत्र ल्याएका छन।मुख्य तीन दलले घोषणापत्र ल्याएका छैनन् । काङ्ग्रेसले मधेस प्रदेशबाट बुधबार सार्वजनिक गर्ने भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले फागुन ७ गते कर्णाली प्रदेशबाट सार्वजनिक गर्ने भएको छानेकपा एमालेले फागुन ७ गते भित्र सार्वजनिक गर्ने तयारी छ। जनताले आफ्ना विधायक छान्दा विचार गरेर मात्र मतदान गर्नुपर्ने भएको छ । त्यसनिम्ति राजनीतिक दल तथा उम्मेदवारको नीति, योजना र कार्यक्रमलाई मतदाताको इजलासमा व्यापक विमर्श गर्नु परेको छ ।

निर्वाचन आयोगले नै निश्चित समयसीमा दिएर घोषणापत्र ल्याउन निर्देश पनि गरिसकेको छ । राजनीतिक दल र उम्मेदवार अनेक नाममा मतदातासमक्ष प्रतिबद्धता व्यक्त गरिरहेका छन् । यो र त्यो काम गर्छु भनिरहेका छन् । विगतका निर्वाचनमा पनि राजनीतिक पार्टी तथा उम्मेदवारले घोषणापत्र ल्याउने गरेका थिए । अनेक वाचा गरेका थिए तर कतिपय उम्मेदवारले निर्वाचित भएपछि निर्वाचन क्षेत्र फर्केर पनि नगएको गुनासो मतदाताको छ । राजनीतिक दल सत्तामा पालैपालो गए पनि निर्वाचनताका मतदातासामु ल्याएको घोषणापत्र अनुसारको नीति, योजना र कार्यक्रममा काम गरेको विरलै पाइएको छ । सत्तास्वार्थमै नेतृत्व बढी अल्मलिएको व्यापक गुनासो छ । विधायिकाले निजामती सेवा, प्रहरी, शिक्षालगायतका कतिपय अति जरुरी कानुनधरी बनाउन सकेन ।

कानुन बनाउने प्रक्रियासमेत असाध्यै धिमा देखियो । राज्यको समय र स्रोतको ठुलो लगानी भएर पनि कतिपय अति जरुरी कानुन बन्न नसक्नु विडम्बना हो । यी विगतका कमजोरीको निर्मम समीक्षा गरिनु पर्छ । राजनीतिक दलका नेतृत्व तथा उम्मेदवारले अब मतदातासमक्ष खरो नीतिगत बहसमा ओर्लनु पर्छ । अरूलाई आरोपप्रत्यारोप होइन; आआफ्ना नीति, योजना र कार्यक्रममा बहस गर्नु पर्छ । ठुला कतिपय राजनीतिक दलले भाबी कार्यकारीको नामसमेत अगाडि सारेका छन् । प्रस्तावित भाबी कार्यकारीका उम्मेदवारको नीति, योजना र कार्यक्रम देशभरका मतदाताले जानकारी पाउने गरी सञ्चार माध्यमसामुन्ने नीतिगत बहस थाल्नु पर्छ ।

भाबी कार्यकारीको प्रस्तावित नेतृत्वले त धेरै चरणका नीतिगत बहसमा उभिनै पर्छ । विभिन्न राजनीतिक दल तथा तिनका नेता यो मामिलामा स्पष्ट पनि छन् । विद्युतीय सञ्चारमाध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने गरी त्यस्तो नीतिगत बहस गरिनै पर्छ । लोकतान्त्रिक प्रणालीमा मतदाताको जान्न पाउने हक छ । प्रश्न गर्न पाउने हक छ । नेतृत्वको नीतिगत बहसले प्रश्नलाई प्राथमिकता दिने छ । विश्वका कतिपय लोकतान्त्रिक मुलुकमा नीतिगत बहसको यो प्रचलन अगाडि बढेकै अभ्यास हो । भाबी कार्यकारीका प्रस्तावित नेतृत्व त बहसमा उत्रनु पर्छ नै, साथसाथै सबै निर्वाचन क्षेत्रमा पनि यो अभ्यासलाई प्रयोगमा ल्याउनु पर्छ । जिल्लास्तर तथा निर्वाचनस्तरीय तवरमा नीतिगत बहसलाई अगाडि बढाउनु पर्छ । उम्मेदवारले दल वा स्वतन्त्र जे जस्तो अवस्थाले हुन्छ, सञ्चारमाध्यम तथा मतदाताको प्रश्नको जवाफ दिनु पर्छ । आआफ्ना नीति, योजना र कार्यक्रमलाई मतदातासमक्ष सुस्पष्ट राख्नु पर्छ । धेरै राजनीतिक दल वा नेतृत्वको वितरणमुखी सोच छ । आर्थिक विकासका निम्ति साधन र स्रोत के कसरी जुटाउने भन्ने चिन्तनै छैन ।

भत्ता वितरण गरेर मतदाताको प्रिय बन्न खोज्ने प्रवृत्ति छ । राज्यले धान्न नसक्ने भत्ता वितरणका प्रतिबद्धतासमेत विगतमा देखिए । त्यसले देशलाई झनै विपन्न बनाएको छ । अर्थतन्त्र के कसरी बलियो बनाउने ? लगानी प्रवर्धन के कसरी गर्ने ? रोजगारी के कसरी सिर्जना गर्ने ? जस्ता चिन्तननै नेतृत्वको अग्निपरीक्षा हुन सक्छ । जुन विषयमा बहस हुनुपर्ने हो त्यो हुन सकेको छैन।विचार, दृष्टिकोण र अनुभवको साटो रोड शो गरेर जनताको आँखामा छारो हाल्ने काम गरेका छन।मतदाता त्यसैलाई रमाइलो मान्ने अवस्था आउनु लोकतन्त्रको लागि शुभ संकेत होइन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बड्ने | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बुर्तिबाङ–ढोरपाटन सडक धमाधम हुदैं

पोखरापत्र संवाददाता
बागलुङ, ५ फागुन

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन जोड्ने सडक निर्माणले गति लिएको छ । लामो समयदेखि रोकिएको उक्त सडक निर्माणको काम गत मङ्सिरदेखि धमाधम भइरहेको छ ।

बुर्तिबाङ बजारदेखि ढोरपाटन देउरालीसम्मको २५ किलोमिटर सडक निर्माण दुई खण्डमा भइरहेको छ । रुपन्देहीको सालझण्डीदेखि ढोरपाटन जोड्ने गरी २०७८ सालमा निर्माण थालिएको उक्त सडकले तराई र पहाडलाई जोडेको छ। बुर्तिङबाङदेखि फल्लेघरसम्मको २२ किलोमिटर (पहिलो खण्ड) हाल ग्राभेल भइरहेको छ भने फल्लेघरदेखि देउरालीसम्मको (दोस्रो खण्ड) मा कालोपत्रको तयारी छ । पहिलो खण्ड २०८० वैशाखसम्म ग्राभेल गरिसक्नुपर्ने भए पनि हालसम्म ६५ प्रतिशत मात्र सम्पन्न भएको काम सकिएको सालझण्डी–ढोरपाटन सडक आयोजना कार्यालयका सूचना अधिकारी इन्जिनियर परीक्षा पौडेलले जानकारी दिनुभयो । पहिलो खण्ड ग्राभेल गर्न चार वर्ष अगाडि स्वच्छन्द र ओम/बुद्ध जेबीले जिम्मा पाएको थियो । समयमै काम गर्न नसक्दा चार पटक म्याद थप गरिएको छ । तीस महिनामा सक्ने गरी २०७८ कात्तिकमा सम्झौता भएको इन्जिनियर पौडेलले बताउनुभयो । अहिले सडक फराकिलो बनाउने, कल्भर्ट निर्माणलगायत काम भइरहेको छ । रु २५ करोड ६१ लाखको लागतमा सो सडक स्तरोन्नति भइरहेको छ । "पहिलो खण्डको काम यसअघिदेखि नै सुस्तरूपमा भएको थियो, अहिले निमाण कम्पनीले गति बढाएको छ," इन्जिनियर पौडेलले भन्नुभयो । दोस्रो खण्ड कालोपत्र गर्न गत असारमा सम्झौता भएकामा हाल धमाधम भइरहेको छ । उक्त खण्ड कालोपत्र गर्न 'पिटीआर अधिकारी कन्स्ट्रक्सन'सँग रु १६ करोड ४८ लाखमा सम्झौता भएको इन्जिनियर पौडेलले बताउनुभयो । अहिले सडक फराकिलो बनाउने, नाला निर्माणलगायत काम भइरहेको छ । आगामी २०८४ असारसम्म सक्नुपर्ने काम हालसम्म १२ प्रतिशत मात्र सम्पन्न भएको उहाँले बताउनुभयो । विसं २०६८ मा रूपन्देहीदेखि सुरु भएको उक्त सडक अर्घाखाँचीको सन्धिखर्क, गुल्मी, पाल्पा हुँदै ढोरपाटनसँग जोडिएको छ ।

# तीन महिनापछि बल्यो सामागाउँमा बिजुली

पोखरापत्र संवाददाता
गोरखा, ५ फागुन

तीन महिनापछि उत्तरी गोरखाको सामागाउँ र साम्दोका बासिन्दाले बिजुली बाल्न पाएका छन् । सामागाउँ लघुजलविद्युत् आयोजनाको उपकरण मर्मतपछि सञ्चालनमा आएको सो आयोजनाका अध्यक्ष वीरबहादुर लामाले जानकारी दिनुभयो ।

हिमालपारीको सामागाउँ र साम्दोका बासिन्दाले ल्होसारमा बिजुली बत्ती बाल्न पाएपछि खुसी भएका छन् । मनास्लु क्षेत्रमा पर्ने चुमनुब्री गाउँपालिका–१ स्थित यी दुई गाउँमा हालसम्म मोटरबाटो पुगेको छैन । "धेरै सकस व्यहोरेर बल्लतल्ल आयोजना मर्मत गरियो"', अध्यक्ष लामाले भन्नुभयो, "भारतबाट सामान झिकाएर मर्मत गर्दा समय पनि धेरै लाग्यो ।" मोटरबाटो नपुगेको सो गाउँमा हेलिकप्टरबाट उपकरण ढुवानी गरेर मर्मत गरिएको उहाँको भनाइ छ ।

सामागाउँका वडाअध्यक्ष कर्मा छेवाङले ल्होसारमा बत्ती बाल्न पाउँदा गाउँले रमाएको प्रतिक्रिया दिनुभयो । चुमनुब्री–१ सामागाउँ र साम्दोका करिब ३०० घरपरिवारका लागि कादुरी नामक संस्थाले पाँच वर्षअघि सामागाउँ जलविद्युत् आयोजनाबाट १०० किलोवाट क्षमताको विद्युत् उत्पादन गरेको थियो ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००८१७७ | जोया थापा | पोखरा–१५, कास्की |

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदाती सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Uli 5010000233 | घनश्याम गोसाई | फरेना–४, रुपन्देही |
| २ | Uli 4160000535 | उषा पौडेल | भोजे–१, लमजुङ |


# ढिकुरपोखरीका स्थानीयसँग वैरागीको प्रतिबद्धता: 'विकासको जिम्मा म लिन्छु'

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन



कास्की क्षेत्र नं ३ का प्रतिनिधि सभा सदस्य उम्मेदवार दामोदर पौडेल वैरागीले मंगलबार कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं. १, २ र ३ मा घरदैलो तथा भेटघाट गरेका छन् ।

सो क्रममा स्थानीय मतदाताले अघिल्लो कार्यकालमा अघि बढाइएका विकास योजनालाई निरन्तरता दिन आग्रह गरेका थिए । विशेषगरी ढिकुरपोखरीका स्थानीयहरूले बाँदरको आतंकका कारण खेतीपाती गर्न नसकिएको गुनासो गर्दै बाँदर व्यवस्थापनका लागि संसदबाट नीतिगत निर्णय गराउन माग गरेका छन् । रानीथोकका स्थानीयसँग संवाद गर्दै वैरागीले देश निराशाको अवस्थामा रहेको उल्लेख गरे । उनले आफूले नयाँ सपना बाँड्नेभन्दा पनि पुराना प्रतिबद्धता पूरा गर्ने योजना रहेको बताए । 'मसँग नयाँ–नयाँ योजना केही छैनन्, तपाईंहरूलाई पहिले गरेका वाचा र अधुरा योजनाहरूलाई पूरा गर्ने लक्ष्य मात्र छ,' उनले भने । उनले चुनावी आचारसंहिता शतप्रतिशत पालना गर्ने, मतदाताको मानवअधिकार उल्लंघन नगर्ने र स्वच्छ निर्वाचनका लागि प्रतिबद्ध रहने बताए । स्थानियले वन क्षेत्रबाट काठ काट्न नपाउँदा जीविकोपार्जनमा समेत असर परेको बताएका छन् । उम्मेदवार वैरागीले बाँदर व्यवस्थापन तथा वनसम्बन्धी समस्याको समाधानका लागि नीतिगत पहल गर्ने प्रतिबद्धता जनाए । यस क्षेत्रको अर्को मुख्य समस्या सिँचाइ र खानेपानी रहेको स्थानीयले बताएका छन् । यस विषयमा वैरागीले स्पष्ट प्रतिबद्धता जनाउँदै भने, 'म कामको जिम्मा लिन्छु, विकासको जिम्मा लिन्छु ।

बाटो, सिँचाइ र खानेपानीका समस्या समाधान गर्न पहल गर्छु । म सधैँ तपाईंहरूसँगै छु । म रहदासम्म देश विकासमा लागिरहन्छु ।' उनले अधुरा सपनाहरूलाई पूरा गर्न अवसर दिन मतदातासँग आग्रह गरेका छन् ।

# दर्शन सहकारीको स्थापना दिवसमा नि:शुल्क दन्त शिविर

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १५ औं स्थापना दिवस तथा प्रजातन्त्र दिवसको अवसर पारेर निःशुल्क दन्त शिविर गर्ने भएको छ । सहकारीले आगामी फागुन ७ गते कास्कीको माछापुच्छे गाउँपालिका वडा नं. ४, लाहाचोकमा निःशुल्क दन्त शिविर आयोजना गर्न लागेको हो ।

निट डेन्टल केयर, महेन्द्रपुलको प्राविधिक सहयोगमा हुन लागेको उक्त शिविर बिहान ८ बजेदेखि सुरु हुनेछ । गाउँघरमै विशेषज्ञ सेवा पुर्‍याउने उद्देश्यले आयोजना गरिएको यस शिविरमा दाँत तथा मुख सम्बन्धी विभिन्न समस्याहरूको निःशुल्क परीक्षण र परामर्श प्रदान गरिने सहकारीका अध्यक्ष राजाराम शाहीले जानकारी दिनुभयो । सहकारीले केवल बचत र ऋणको कारोबार मात्र नगरी सामाजिक उत्तरदायित्व अन्तर्गत मानवीय सेवाका कार्यलाई पनि उत्तिकै प्राथमिकता दिँदै आएको छ। अध्यक्ष शाहीका अनुसार सहकारीले हरेक वर्ष आफ्नो वार्षिक क्यालेन्डरमै समावेश गरेर यस्ता स्वास्थ्य तथा सामाजिक कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै आएको छ । 'मुखको स्वास्थ्य समग्र शरीरकै ऐना हो, तर चेतना र पहुँचको अभावमा धेरै मानिसहरूले दाँतको समस्या लुकाएर बसेका हुन्छन्,' विशेषगरी ग्रामीण क्षेत्रका बासिन्दालाई लक्षित गरी हामीले यो शिविर आयोजना गरेका हौं । यसले मुखमा हुने विभिन्न रोगहरू न्यूनीकरण गर्न र स्थानीयलाई स्वास्थ्यप्रति सचेत बनाउन मद्दत पुग्ने विश्वास लिएका छौं।' अध्यक्ष शाहीले भन्नुभयो ।

सहकारीले लाहाचोक र आसपासका क्षेत्रका सम्पूर्ण दाँत तथा मुख सम्बन्धी समस्या भएका महानुभावहरूलाई यस अवसरको लाभ उठाउन आग्रह गरेको छ । शिविरमा विशेषज्ञ चिकित्सकहरूले दाँत परीक्षण गर्ने, सफा गर्ने विधि सिकाउने र आवश्यक औषधीहरू समेत परामर्शका आधारमा उपलब्ध गराउने बताइएको छ ।

सामाजिक उत्तरदायित्वको क्षेत्रमा दर्शन सहकारीले आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिँदै आएको छ । यसै प्रतिबद्धतालाई सार्थकता दिन सहकारीले विभिन्न समयमा शैक्षिक सामग्री वितरणदेखि लिएर स्वास्थ्य सम्बन्धी शिविरहरू सञ्चालन गर्नुका साथै जनचेतना अभिवृद्धि गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरी पोखरा र वरिपरिका समुदायमा आफ्नो सामाजिक पहिचान दृढ गर्दै समेत आएको छ ।


## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

दास्रो पटक प्रकाशित मितिः २०८२/११/०६

**यस समूहको आ.व. २०८१/०८२ मा उत्पादन भएको साल जातको गोलिया थान १८४ को परिमाण १०२७.८४ घ.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। मु. अ. कर वा स्थाई लेखा नम्बरमा दर्ता भई वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भएका काठ व्यवसायी/फर्म/कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म बोलपत्र खरिद गरी १६ औं दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।**

अध्यक्ष
गुराँसे सामुदायिक वन उपभोक्ता समूह
मादी–९, गहते, कास्की

## डिभिजन वन कार्यालय कास्कीको प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/११/०६

**डिभिजन वन कार्यालय, कास्कीको चालु आर्थिक वर्ष २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रममा वनमा रहेका ज्वलनशील पदार्थ तथा मिचाहा प्रजातिको व्यवस्थापन तथा संकलन गरी जैविक मल उत्पादन गर्ने कार्यक्रम अन्तर्गत रु २००,०००।० रकम विनियोजन भएकाले सो कार्यक्रम संचालन गर्न ईच्छुक सामुदायिक वन उपभोक्ता समुहहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र अवधारणा सहितको प्रस्तावना पेश गर्न आव्हान गरिएको छ। विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।**

डिभिजन वन कार्यालय कास्की

# पुलाचौरमा पक्की सडक निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ५ फागुन

बेनी नगरपालिका-५ पुलाचौरमा पक्की सडक निर्माण सुरु भएको छ। बेनी नगरपालिका र सङ्घीय सरकारको लागत साझेदारीमा बेनी-पुलाचौर-टोड्के सडक योजना सञ्चालन भएको हो।

विसं २०६४ मा मार्ग खुलेको पुलाचौरको सडकलाई ढलान र कालोपत्र गरेर पक्की बनाउन थालिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो। "बेनी नगरपालिकाको ६० प्रतिशत र सङ्घीय सरकारको ४० प्रतिशत लागत साझेदारीमा सडक स्तरोन्नति आयोजना सुरु गरेका हौँ", उहाँले भन्नुभयो, "तीन आर्थिक वर्षमा क्रमागत योजनाका रूपमा पुरुण्डीदेखि पुलाचौर हुँदै नयाँगाउँ खण्डको सडकलाई पक्की बनाउन लागेका हौँ।" मार्ग खुलेको १८ वर्षपछि सडक स्तरोन्नति हुन थालेपछि पुलाचौरवासी उत्साही भएका छन्। धुलो र हिलोको समस्या हट्ने, यात्राअवधि छोटिने, झन्झट र कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्थाबाट मुक्ति मिल्ने स्थानीयवासीले बताएका छन्। सामान्य मर्मतसम्भार गरेर यातायात सञ्चालन हुँदै आएको सडकमा यात्रा गर्न असहज हुँदै आएको थियो। चालु आवका लागि रु एक करोड ७७ लाख ८८ हजार ४७२ लागत अनुमान गरिएको उक्त योजना निर्माणका लागि रिभरएज इन्जिनियरिङ एन्ड बिल्डर्स प्रालिले गत पुस १२ गते रु एक करोड २२ लाख ५५ हजार २०० मा ठेक्का सम्झौता गरेको छ। निर्माण कम्पनीले सडक फराकिलो पार्ने, पर्खाल निर्माण र पुलाचौर क्षेत्रबाट ढलान सुरु गरेको बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो। यो सडकबाट स्थानीयवासीका साथै रावणपार्क, पछै, ढोलथान, जगन्नाथ र टोड्केलगायत धार्मिक पर्यटकीयस्थलको दर्शन र पूजाआजाका लागि आउने भक्तजन तथा पर्यटकलाई सुविधा पुग्ने उहाँले बताउनुभयो।

उपप्रमुख लामिछानेका अनुसार बेनी-पुलाचौर-टोड्के बेनी नगरपालिकाले चालु आवमा सबैभन्दा बढी बजेट विनियोजन गरेको गौरवको आयोजना हो। आगामी जेठ १५ गतेसम्म ठेक्काको म्याद रहेको योजनामार्फत ५९७ मिटर ढलान र ३०० मिटर दूरीमा प्रिमिक्स प्रविधिको कालोपत्र गरिने बेनी नगरपालिकाका सबइन्जिनियर मिलन केसीले बताउनुभयो।

पाँच सय दुई मिटर दूरीमा नाली र १७४.७४ घनमिटर पलम कङ्क्रिट पर्खाल निर्माण हुने उहाँले बताउनुभयो। बेनी नगरपालिका-६, ५ र मङ्गला गाउँपालिकाको १ नं वडाका बस्तीलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने यो सडकको बेनीदेखि बेनी नगरपालिका-६ अर्थुङ्गे- बाँसबोट-एकपाटे-अवेचौर हुँदै पुरुण्डीसम्म छ किलोमिटर सडकलाई ढलान र कालोपत्र गरेर पक्की बनेको छ।

# म्याग्दीका उम्मेदवारको चुनावी मुद्दा 'वैकल्पिक सडक' को व्यवस्था

पोखरापत्र संवाददाता
म्याग्दी, ५ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीका उम्मेदवारले जिल्लाको पश्चिमी क्षेत्र भएर ढोरपाटन हुँदै पूर्वी रुकुम जोड्ने वैकल्पिक सडक बनाउने मुद्दा अघि सारेका छन्।

बेनीबाट घतान-पात्ले खेत-भिँ-पाखापानी-ठाडाखानी-कुइँनेमङ्गले-मल्कवाङ-मराङ-बिम-दरबाङ हुँदै बेनीसम्मका पाँच वटा स्थानीय तहलाई समेट्ने राहुघाट-म्याग्दी चक्रपथ सडक आयोजना पनि उम्मेदवारको पूर्वाधारतर्फ प्राथमिकतामा परेको मुद्दा हो।

जिल्ला सदरमुकाम बेनीबाट उत्तरी क्षेत्रमा रहेको रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका हुँदै मुस्ताङको कोरला नाका जोड्ने सडक स्तरोन्नति गर्ने पछिल्ला तीन वटा चुनावी प्रतिबद्धता पूरा गरेका राजनीतिक दलले राहुघाट र म्याग्दी करिडोरको समग्र विकासका लागि राहुघाट-म्याग्दी चक्रपथ र ढोरपाटन हुँदै पूर्वी रुकुम जोड्ने मध्यपहाडी लोकमार्गका वैकल्पिक मार्ग बनाउनुपर्ने विषयलाई चुनावी मुद्दा बनाएका हुन्।

मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको तुलनामा म्याग्दी भएर ढोरपाटन हुँदै पूर्वीरुकुम पुग्ने सडक ६५ देखि ७० किलोमिटर छोटो पर्ने भएकाले वैकल्पिक सडक बनाउन सकेमा पर्यटन, सामाजिक, आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन सकिने नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार अर्जुन थापाले बताउनुभयो।

बेनी-जोमसोम-कोरला सडक सहज हुँदा म्याग्दी हुँदै मुस्ताङमा वार्षिक आठ लाखभन्दा बढी पर्यटक आवतजावत गर्दा त्यसको लाभ जिल्लाले पाउन थालेकाले पश्चिमी र राहुघाट क्षेत्रमा पनि सडक यातायातको पूर्वाधारलाई सहज बनाउनसकेमा बसाइँसराइ रोकिने, रोजगारी सिर्जना हुने र आयआर्जन वृद्धिमा सहयोग पुग्ने नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले बताउनुभयो। नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार हरिकृष्ण श्रेष्ठले सडक पूर्वाधार विकासको मुख्य आधार भएकाले नागरिकको माग र स्थानीय आवश्यकताका आधारमा रणनीतिक महत्वका सडक योजनालाई प्राथमिकता दिने उल्लेख गर्नुभयो। बेनीबाट ७५ किलोमिटरको दूरीमा ढोरपाटन पुग्न सकिने यो सडकलाई धवलागिरि गाउँपालिका मात्र नभएर पश्चिम म्याग्दीको समग्र पूर्वाधार विकास, आर्थिक सामाजिक क्षेत्रको रुपान्तरणका लागि महत्वपूर्ण आधारका रूपमा लिएका हुन्। हाल प्रयोगमा आइरहेको बागलुङबाट ढोरपाटन जोड्ने सडकको दूरी १२६ किलोमिटर छ। बेनीबाट विसं २०५५ मा यो सडक निर्माण सुरु भएको थियो। बेनी-मुना-खोरिया-मरेनी हुँदै जलजला करिब ६४ किलोमिटर सडकको मार्ग यसैवर्ष खुलेको हो। पूर्वीरुकुमको टकसेराबाट ढोरपाटनको निसिलढोरसम्म आठ किलोमिटर सडकले जोडिन बाँकी छ। जलजला, ढोरपाटन र उत्तरगङ्गा जाने पर्यटक तथा स्थानीयवासीलाई यो सडक छोटो पर्ने भएकाले मुना-ढोरपाटन खण्डको स्तरोन्नति र ढोरपाटन पूर्वीरुकुम मार्ग खुलाउने विषय म्याग्दीको साझा मुद्दा बनेको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुवीन श्रेष्ठले बताउनुभयो।

प्रदेश सरकारले दरबाङबाट ताकम मुना जोड्ने करिब १७ किलोमिटर सडक स्तरोन्नति गर्न दुई वटा शीर्षकमा योजना सञ्चालन गरेको छ। मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्ग र पूर्वी रुकुमसम्म जोडिने पश्चिम म्याग्दीको लाइफ लाइन मानिएको यो सडकको स्तरोन्नति र कालोपत्रका लागि बजेटको व्यवस्थापन र योजना कार्यान्वयनमा उम्मेदवारले साझा मुद्दा बनाएका हुन्।

पूर्वी रुकुम, म्याग्दी र बागलुङ जिल्लाको एक हजार ३२५ वर्गमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन नेपालको एकमात्र सिकार आरक्ष हो। विश्वभरका साहसी सिकारीको गन्तव्य ढोरपाटन पछिल्लो समय नेपाली पर्यटकको पनि रोजाइमा परेको छ। यो आरक्ष पर्यटनका लागि मात्र नभएर ढोरपाटनको जैविक, सांस्कृतिक, पर्यटकीय, धार्मिकलगायत अवसर छन्।

# मतदाताको सकारात्मक प्रतिक्रियाले उत्साहित भएको छु : मनोज गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

कास्की क्षेत्र नं ३ का कांग्रेस उम्मेद्वार मनोज गुरुङले जनताका समस्या समाधानका लागि अहोरात्र खटिने बताएका छन्।

सोमबार साँझदेखि पोखरा क्षेत्रका मतदाता भेटघाटमा सक्रिय गुरुङले मंगलबार पोखरा-२ का मतदाता समक्ष यस्तो प्रतिवद्धता जनाएका हुन्। उनले यसअघि अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाका केही स्थानबाहेक अन्य क्षेत्रका मतदातासँग भेटघाट गरिसेका छन्। उनले मंगलबार पोखरामा आयोजित एक



कार्यक्रममा कास्कीका दुई पालिकामा घरदैलो गर्ने क्रममा मतादाताको सकारात्मक प्रतिक्रियाले आफू निकै उत्साहित भएको बताए। उनले भने, 'दुई पालिकाका मतादाता भेटेर भर्खर पोखरा आएको छु। मतदाताको सकारात्मक प्रतिक्रियाले हौसला थपिएको छ, उत्साहित भएको छु।' आफ्नो क्षेत्रका करिब ३५ प्रतिशत मात्रै मतदाता भेटघाट गरिसक्दा छनक आइसकेको गुरुङले दाबी गरे। उनले थपे, 'कांग्रेसमा उभार आएको महसूस गरेको छु। यसलाई ब्यालेटमा परिणत गरेर देश बदल्न लाग्नुपर्छ।' विगतमा विभिन्न कारणले रिसाएका कांग्रेसीहरू यस पटक खुशी भएको उनको दाबी छ। निर्वाचन प्रचारका लागि मनोज गुरुङ र समानुपातिकतर्फका उम्मेद्वार आइबहादुर गुरुङ अबका केही दिन पोखरा क्षेत्रमा केन्द्रित हुने भएका छन्। क्षेत्र नं ३ अन्तर्गत पोखराका ११ ओटै वडाका मतदाता भेटघाट गरेर पुनः अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकामा पुग्ने कार्यक्रम छ। त्यसपछि केही स्थानमा चुनावी सभा र कोणसभा आयोजना गर्ने तयारी भइरहेको निर्वाचन परिचालन समिति संयोजक युवराज कुँवरले जानकारी दिए।

# कक्षा १२ को परीक्षा वैशाख १४ गतेदेखि सुरु हुने

रासस
काठमाडौं, ५ फागुन

आगामी वैशाख १४ गतेदेखि यस वर्षको कक्षा १२ को परीक्षा सुरु हुने भएको छ। राष्ट्रिय परीक्षा बोर्डले आज परीक्षाको साधारण, परम्परागत र प्राविधिक विषय समूह तर्फका नयाँ तथा पुरानो पाठ्यक्रम एवं ग्रेड वृद्धि परीक्षाको तालिका सार्वजनिक गरेको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिनुभयो।

परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुनेछ। परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको नयाँ र पुरानो कोर्स तथा ग्रेड वृद्धिको परीक्षा हुनेछ। सोही दिन नयाँ कोर्सको संस्कृत रचना, बौद्ध शिक्षा र उर्दू व्याकरण तथा पुरानो कोर्सको अनिवार्य वैकल्पिक संस्कृत रचनाको पनि परीक्षा हुने कार्यतालिकामा उल्लेख छ।

वैशाख २७ गते सम्पन्न हुने परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि बोर्डले पुनः अर्को परीक्षाको व्यवस्था भने नगरिने बोर्डले जनाएको छ। परीक्षाको तालिकाभित्र कुनै आकस्मिक बिदा परेमा परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाबिना परीक्षा स्थगित नगरिने बोर्डले उहाँले जानकारी दिनुभयो। यसवर्ष कक्षा १२ मा नियमित तर्फ तीन लाख ६० हजार परीक्षार्थी सहभागी हुने जानकारी दिनुभयो। गत वर्ष कक्षा १२ मा नियमित तर्फ तीन लाख ९६ हजार ३४७ र आंशिक तर्फ एक लाख १४ हजार ६४० विद्यार्थी परीक्षामा सहभागी थिए। गतवर्ष कक्षा १२ को परीक्षा वैशाख २१ गतेदेखि सुरु भई जेठ २ गते सम्पन्न भएको थियो।

# एमाले कास्की-२ को प्रतिबद्धता पत्र सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्की निर्वाचन क्षेत्र नम्बर २ ले चुनावी प्रतिवद्धता पत्र सार्वजनिक गरेको छ।

कोशी प्रदेशका पूर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी 'प्यासी', एमालेका केन्द्रीय सदस्य प्रभा कोईराला, एमालेका पूर्व केन्द्रीय सदस्य एवं गण्डकी प्रदेश सभा सदस्य भीम कार्की, प्रतिनिधिसभा सदस्य उम्मेदवार रश्मी आचार्य, समानुपातिक तर्फका उम्मेदवार दिपक पौडेल, एमाले कास्कीका कार्यवाहाक अध्यक्ष भेषराज बरालसहितले सो प्रतिवद्धतापत्र सार्वजनिक गरेका हुन्।

मंगलबार सार्वजनिक प्रतिबद्धता पत्रमार्फत एमालेले सुशासन, भ्रष्टाचार नियन्त्रण र समृद्ध कास्की निर्माणको विस्तृत खाका अघि सारेको छ।

सो कार्यक्रममा बोल्दै उम्मेदवार आचार्यले देश अहिले इतिहासकै कठिन मोडबाट गुज्रिरहेको उल्लेख गर्दै संविधान, राष्ट्रिय स्वाधीनता र राजनीतिक स्थिरताको रक्षा आफ्नो प्राथमिकता रहने बताए। उनले राष्ट्रहितलाई केन्द्रमा राख्दै संविधानमा आवश्यक संशोधन, स्थिर सरकार र आर्थिक विकासका



लागि प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमार्फत जनताले सहज र छिटो सेवा पाउने वातावरण सिर्जना गर्ने उल्लेख गर्दै उनले जनमैत्री कानून निर्माणमा जोड दिने बताए। साथै भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गरी जमिन र आवासको अधिकार सुनिश्चित गरिने उनको प्रतिबद्धता छ। पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन, स्वास्थ्य, ध्यान, योग, शिक्षा र संस्कृतिको केन्द्रका रूपमा विकास गर्ने योजना समेत प्रतिबद्धता पत्रमा समेटिएको छ। यसैगरी नयाँ पर्यटकीय स्थल, सेवा र पूर्वाधार विस्तार गरी पर्यटकको बसाइ अवधि लम्ब्याउने लक्ष्य राखिएको छ।

प्रतिबद्धता पत्रमा जेष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अशक्त समुदायका लागि सेवा-सुविधा विस्तार गर्ने योजना उल्लेख गरिएको छ। गुणस्तरीय तथा प्राविधिक शिक्षाको विकासमार्फत युवाको विदेश पलायन रोक्ने, रोजगारी सिर्जना गर्ने र स्वरोजगार प्रवर्द्धन गर्ने लक्ष्य पनि राखिएको छ।

त्यसैगरी कृषक, श्रमिक, जनजाति, शहरी मजदुर लगायत पछाडि परेका वर्गको अधिकार संरक्षण, सामाजिक सुरक्षा कार्यक्रम विस्तार तथा योगदानमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

आचार्यले कास्की क्षेत्र नम्बर २ को समग्र विकास, स्थानीय मुद्दाको संसदमा सशक्त आवाज उठाउने तथा नयाँ पुस्ताको नेतृत्व स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्दै 'सबैको साथ, सबैको विकास' अवधारणाअनुसार अगाडि बढ्ने बताए। एमालेले आचार्यको उम्मेदवारीलाई सुशासन, स्थिरता र समृद्धिको अभियानसँग जोड्दै कास्कीको दीगो विकासका लागि निर्णायक भूमिका खेल्ने विश्वास व्यक्त गरेको निर्वाचन परिचालन समितिका सहसंयोजक झपट रानाभाटले जानकारी दिए।

## क्रान्तिको आधारभूमिबाट समाजवादको नयाँ यात्रा गर्न आएको हुँ : संयोजक दाहाल

रासस
काठमाडौं, ५ फागुन

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' नायगाड-देउखोलाबाट करिब एक घण्टाको पैदल यात्रापछि सिस्ने गाउँपालिका-२ नायगाड हुँदै सदरमुकाम रुकुमकोट पुग्नुभएको छ। चुनावी अभियानका क्रममा जिल्लाका विभिन्न विकट स्थानको भ्रमणपछि उहाँले पत्रकार सम्मेलन गर्दै आफ्ना अनुभव सार्वजनिक गर्नुभयो।

संयोजक दाहाले भुमे र पुथा उत्तरगङ्गा गाउँपालिकाका सबै वडासहित दुर्गम बस्तीमा दुई-तीन दिनमै कठिन अभियान सम्पन्न गरेको उल्लेख गर्दै जनताको अभूतपूर्व उत्साहले भौतिक कठिनाइ महसुस नभई नयाँ ऊर्जा प्राप्त भएको बताउनुभयो। "सबै ठाउँमा सडक सञ्जाल विस्तार, अधुरा बाटो सम्पन्न, क्रमागत योजना पूरा र पुल नभएका स्थानमा पुल निर्माण गर्नुपर्ने माग जनताबाट आएको छ", उहाँले भन्नुभयो। उहाँका अनुसार रुकुमपूर्वका जनताबाट सडक सञ्जालका अतिरिक्त शिक्षा, पर्यटन र रोजगारीप्रति विशेष चासो देखिएको छ। "यसअघि निर्वाचित नेताबाट भएका कामप्रति स्वीकार र खुसी छ, तर अब काम गुणात्मक हुनुपर्छ भन्ने जनताको अपेक्षा स्पष्ट छ," दाहालले भन्नुभयो। रुकुमपूर्वमा आफूप्रति असाधारण विश्वास र अपेक्षा देखिएको उल्लेख गर्दै उहाँले त्यसले ठूलो जिम्मेवारीको अनुभूति गराएको बताउनुभयो। अभियानका क्रममा प्राप्त ज्ञापनपत्रलाई वर्गीकरण गरी पाँच वर्षभित्र जिल्लामा गुणात्मक काम गर्ने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो। रुकुमपूर्वलाई 'क्रान्तिको आधारभूमि' उल्लेख गर्दै संयोजक दाहालले यहाँबाट समाजवादको नयाँ यात्रा सुरु गर्ने उद्घोष गर्नुभयो। "देश अप्ठ्यारो अवस्थामा छ। यही आधार इलाकाबाट जनयुद्ध र क्रान्ति सुरु गरिएको थियो। अहिले यहीँबाट नयाँ सन्देश दिन रुकुमपूर्व आएको हुँ। यहाँबाट जाने सन्देश देशकै लागि महत्वपूर्ण हुन्छ" उहाँले भन्नुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, सगरमाथा टोलको प्रवेशद्धार जाने बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सगरमाथा टोलको प्रवेशद्धार जाने बाटो ढलान
ठेगानाः पोखरा-१४, सगरमाथा टोल कास्की
योजना सम्झौता मिति : २०८२/०९/१० गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. ५,५६,४७६.५६
महानगरपालिकाबाटः रु. ५,००,०००|-
जनसहभागिताबाटः रु. ५५,५५५.५६
उपभोक्ता समिति अध्यक्षः सरिता बास्तोला
सम्पर्क नं.: ९८५६०६८८८७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना
अनुगमन समितिः डिल माया गुरुङ वडा सदस्य
चन्द्रेश्वर बस्ताकोटी, रुप बहादुर थापा

**सगरमाथा टोलको प्रवेशद्धार जाने बाटो ढलान उपभोक्ता समिति पोखरा-१४, सगरमाथा टोल**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, भुजेल गाउँ मोटर बाटो निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भुजेल गाउँ मोटर बाटो
ठेगानाः पोखरा-३३, गैरागाउँ
योजना सम्झौता मिति : २०८२/०९/१८ गते
योजना सुरु मितिः २०८२/०९/२५ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/१० गते
योजना सम्पन्न भएको मितिः २०८२/११/०२ गते
योजनाको कुल लागतः रु. ३,३३,४२३.१७
महानगरपालिकाबाटः रु. ३,००,०००|-
जनसहभागिताबाटः रु. ३३,४२३.१७
उपभोक्ता समिति अध्यक्षः विजय प्रसाद आचार्य
सम्पर्क नं.: ९८४६५२९२८८
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**भुजेल गाउँ मोटर बाटो उपभोक्ता समिति पोखरा-३३ गैरागाउँ**